अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल, काठमाडौं

मिति: २०७६।०३।०८ गते

प्रेस विज्ञप्ति
विषय: घुस रकम सहित नियन्त्रणमा ।

प्रहरी चौकी भोक्राहा सुनसरीका प्रहरी सहायक निरीक्षक पदम बहादुर कटुवालले सेवाग्राहीलाई वन मन्त्रालयबाट पक्राउ पुर्जी आएको छ यही मिलाईदिन्छु भन्दै बहाना बनाई घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय इटहरीबाट खटिई गएको टोलीले निज प्रहरी सहायक निरीक्षक पदम बहादुर कटुवाललाई सेवाग्राहीसँग रू.७,०००।— (अक्षरुपी सात हजार) घुसबापतको रकम लिइसकेको अवस्थामा उक्त घुस रकम सहित निजकै कार्यालय परिसरबाट मिति २०७६।०३।०७ गते रङ्गेहात नियन्त्रणमा लिई अनुसन्धान भइरहेको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता